आज मिति २०८२ साल मंसिर महिनाको १ गते **सोमबारका दिन,** यस छबिसपाथिभेरा गाउँपालिका, गाउँकार्यपालिका को बैठक गाउँपालिका का अध्यक्ष श्री बसन्त बहादुर चलाउने ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका बमोजिमको बिषय माथि छलफल गरी तपसिल बमोजिमका निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री बसन्त बहादुर चलाउने | अध्यक्ष | | |
| २. | श्री लछिमन बोहरा | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री संञ्जय कुमार यादब | सदस्य सचिब | | |
| ४. | श्री करनजङ्ग बहादुर सिंह | वडा अध्यक्ष वडा नं.१ | | |
| ५. | श्री पविन्द्र बहादुर मण्डेल | वडा अध्यक्ष वडा नं.२ | | |
| ६. | श्री श्याम बहादुर सिंह | वडा अध्यक्ष वडा नं.३ | | |
| ७. | श्री अम्मराज थापा | वडा अध्यक्ष वडा नं.४ | | |
| ८. | श्री झलक बहादुर धामी | वडा अध्यक्ष वडा नं.५ | | |
| ९. | श्री गजेन्द्र कुमार बुढा | वडा अध्यक्ष वडा नं.६ | | |
| १०. | श्री बिजय बहादुर धामी | वडा अध्यक्ष वडा नं.७ | | |
| ११. | श्री अरुण बि.क. | कार्यपालिका सदस्य | | |
| १२. | श्रीआशाकुमारीथापा कठायत | कार्यपालिका सदस्य | | |
| १३. | श्री सरस्वती सिंह रेग्मी | कार्यपालिका सदस्य | | |
| १४. | श्री बिमला देबी बि.क. | कार्यपालिका सदस्य | बिमला | |
| १५. | श्री अन्जना बोहरा | कार्यपालिका सदस्य | — | |
| १६. | श्री मिन्जु कुमारी कडायत | कार्यपालिका सदस्य | — | |
| १७ | श्री मुकेश कुमार थापा | आमन्त्रीत सदस्य | | |
| १८ | श्री कुबेर थापा | का स | | |
| | | | | |

## प्रस्तावहरु

१) नवप्रवर्तन साझेदारी परियोजना संचालनको लागि प्रस्तावना पेश गर्ने सम्बन्धमा।

२) आ व २०८१।०८२ को पुरानो भुक्तानी सम्बन्धमा।

३) बिरिजात मेलाको भिडियो डकुमेन्ट्रीको भुक्तानी सम्बन्धमा।

४) बझांङ्ग उद्योग बाणिज्य संघ द्वारा आयोजित सिलदेवी मेला महोत्सवको भुक्तानी सम्बन्धमा।

५) तागाँ सेलाई कार्यक्रममा आर्थिक सहयोग सम्बन्धमा।

६) आर्थिक सहयोग गर्ने सम्बन्धमा।

७) डोव्रा बर्थिङ्ग सेन्टरका लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा।

८) आ व ०८१।८२ मा निर्माण शुरु भएको दलित साझा भवनको भुक्तानी सम्बन्धमा।

९) खोलापारी कृषक समुहको भुक्तानी सम्बन्धमा।

१०) झुतेरा दान्ना पदमार्गको भुक्तानी सम्बन्धमा।

## निर्णयहरु

१) चालु आ व ०८२।०८३ मा नवप्रवर्तन साझेदारी परियोजना संचालनको लागि प्रस्तावना पेश गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

२) गत आ व २०८१।०८२ मा बजेट बिनियोजन भएका तपसिलको योजना तथा कार्यक्रमको काम सम्पन्न भएको तर समानिकरण बजेट निकासा कम हुन गइ भुक्तानी दिन बाकी रहेकोमा यस आर्थिक वर्ष २०८२।०८३ मा बजेट बिनियोजन भईसकेकोले सो को भुक्तानी दिने निर्णय सर्वसहमतिमा पारित गरियो।

| क्र स | शीर्षक | रकम | भुक्तानी दिने शिर्षक |
|---|---|---|---|
| क | बाल विवाह सम्बन्धी सचेतनामुलक कार्यक्रम | रु १,७०,००० | बालबालिका सम्बन्धि बिद |

| | | | |
|---|---|---|---|
| ख | नारखेत सिंचाई कुलो | रु ४,६४,४९३ | समपुरक मेचिङ्ग |
| ग | वडा नं —६ कार्यलय भवन (कोटेशन) | रु ४,६३,९२५ | कन्टीजेन्सी शीर्षक |
| घ | वडा नं —६ कार्यलय भवन (ठेक्का) | रु ८,२०,३६६ | कन्टीजेन्सी शीर्षक |
| ङ | डोब्रा अस्पताल उदघाटन गर्दा लागेको खर्च | रू६०,००० | बिनियोजित शिर्षक |
| च | वडा नं १ को गाडी भाडाको भुक्तानी | रु १ लाख | अघिल्लो बर्ष भुक्तानी श |
| छ | वडा नं १ मालुमेला खेलकुद कार्यक्रममा खेलाडी समावेश गराउदा | रु १ लाख | अघिल्लो बर्ष भुक्तानी श |
| ज | वडा नं १को अतिथि सत्कारको | रु १ लाख | अघिल्लो बर्ष भुक्तानी श |
| झ | बगडगाँउ जयपृथ्वी जयन्तीको | रु ३० हजार | अघिल्लो बर्ष भुक्तानी श |
| ङ | | | |

३)खेलकुद तथा संस्कृति जगेर्ना तथा प्रवर्दन कार्यक्रम शिर्षक बाट भुक्तानी हुने गरि बिरिजात मेलाको भिडियो डकुमेन्ट्रीका लागि रु १, २०,००० हजार भुक्तानी दिने निर्णय सर्वसहमतिमा गरियो।

४)खेलकुद तथा संस्कृति जगेर्ना तथा प्रवर्दन कार्यक्रम शिर्षक बाट भुक्तानी हुने गरि सिलदेवी मेला महोत्सव — २०८२ को लागि रु ८०,००० भुक्तानी दिने निर्णय सर्वसहमतिमा गरियो।

५)खेलकुद तथा संस्कृती जगेर्ना तथा प्रवर्दन कार्यक्रम शिर्षकबाट तागाँ सेलाई कार्यक्रममा शौचालय निर्माण गर्नको लागि कन्टिजेन्सी शिर्षकवाट रु १ लाख ५० हजार रकम आर्थिक सहयोग गर्ने निर्णय सर्वसहमत रुपमा गरियो।

६) भैरव बहादुर सिंहलाइ गम्भिर रोग लागि उपचारका लागि आर्थिक अभाव भएकाले रु ८०००० ( असि हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो। साथै गाडि

दुर्घटनामा परि दुखद निधन भएका छविसपाथिभेरा गाँउपालिका वडा न २ निवासी श्री निखिल रोकायाको परिवारलाइ आर्थिक सहायता स्वरुप रु पचास हजार (५०,०००) सहयोग गर्ने निर्णय सर्वसहमत पारित गरियो ।

७) डोव्रा बर्थिङ्ग सेन्टर तत्कालै संचालनको लागि पालिका भित्र रहेका निकट र उपयुक्त स्वास्थ्य चौकि बाट आवस्यक कर्मचारीहरु व्यवस्थापन गर्ने निर्णय सर्व सम्मत पारित गरियो ।

८) आ व ०८१।८२ निर्माणभएको दलित साझा भवनको रु ४ लाख ५०००० रकम कन्टिजेन्सी शिर्षकवाट भुक्तानी दिने निर्णय सर्वसहमत पारित गरियो ।

९) खोलापारी कृषक समुहलाई विविध कार्यक्रम शीर्षकवाट रु २ लाख दिने निर्णय सर्वसहमत पारित गरियो ।

१०) झुतेरा दान्ना पदमार्गको पालिकाको दायित्वको रु ३ लाख ५० हजार रकम सम्पुरक योजना मेचिङ्ग फन्ड बाट भुक्तानी दिने निर्णय सर्वसहमत पारित गरियो ।